# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ असार ६ गते

## प्रमाणित नभई कसैलाई पनि अपराधीको रुपमा व्यवहार नगर्न आग्रह

कुनै पनि अभियोगमा विधिसम्मत तरिकाले छानवीन गर्ने अधिकार भएपनि विगत केही समयदेखि मुलुकका विभिन्न क्षेत्रमा कार्यरत चिकित्सक तथा स्वास्थ्य संस्था माथि प्रहरीद्वारा देखाइएको असहिष्णु व्यवहारप्रति विरोध जनाउँदै नेपाल चिकित्सक संघले राष्ट्रिय मानव अधिकार आयोगमा पेश गरेको ज्ञापन पत्र प्रति आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगको अनुगमन टोलीले उक्त घटना सम्बन्धमा वीरगञ्जमा चिकित्सकहरु पक्राउ परेको स्थल, प्रहरी, सेवाग्राही, चिकित्सक तथा काठमाण्डौंमा प्रहरी हिरासतमा राखिएका चिकित्सकहरुलाई समेत भेटघाट गरी घटनाको सम्बन्धमा जानकारी लिएको छ । जस्तो सुकै अभियोगको अनुसन्धानका क्रममा पनि मानवीय मर्यादाप्रति संवेदनशील हुनु पर्ने र दोषी प्रमाणित नभई कसैलाई पनि अपराधीको रुपमा व्यवहार गर्न नहुने तर्फ सजग हुँदै व्यक्तिहरुको गोपनीयताको हक र मर्यादाप्रति सञ्चार माध्यमहरु पनि चनाखो हुन आवश्यक छ ।

स्वास्थ्य सेवा पाउने नागरिकहरुको हकप्रति संवेदनशील भई यो हकबाट कसैले पनि वञ्चित हुनुपर्ने स्थिति सृजना गर्ने गराउने कार्य नगर्न, नगराउन पनि आयोग चिकित्सकहरु तथा चिकित्सक संघको ध्यानाकर्षण गराउँदछ । यस्ता समस्या भविष्यमा पनि आउन नदिई मानव अधिकारको सम्मान गर्ने सन्दर्भमा आयोगले नेपाल मेडिकल काउन्सिल तथा सम्बन्धित प्रहरी निकायसँग आवश्यक परामर्श तथा छलफल गर्ने छ ।

वेद भट्टराई

सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org